# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## छत्रदेव गाउँपालिका
## अर्घाखाँची

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## छत्रदेव गाउँपालिका
## अर्घाखाँची

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

छत्रदेव गाउँपालिका

अर्घाखाँची

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**महालेखापरीक्षक**

२०८१ जेष्ठ ११

महालेखापरीक्षकको कार्यालय

अनामनगर, बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. ४७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

छत्रदेव गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

अर्घाखाँची ।

## १. कैफियत सहितको राय

हामीले छत्रदेव गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले छत्रदेव गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. छत्रदेव गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड २५ लाख ६७ हजार बेरुजु देखिएको छ। बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२७ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४९ लाख ५० हजार, नियमित गर्नुपर्ने रु.४६ लाख ८९ हजार र पेश्की रु, २ लाख रहेको छ। छत्रदेव गाउँपालिकाको गतवर्ष सम्म रु.२ करोड १ लाख ५९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.३ करोड २७ लाख २६ हजार रहेको छ। छत्रदेव गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन

बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने गंगादेव गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली)**
नायब महालेखापरीक्षक

छत्रदेव गाउँपालिका, अर्घाखाँची

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रकम रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६६ | २५ | १२५६८ | ० | ० | ० | ६६ | २५ | १२५६८ | २७२७ | ४६९० | ४९५१ | ० | ० | ९६४१ | २०० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रकम रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| छत्रदेव गाउँपालिका ,अर्घाखाँची | २२०९४ | ० | १९३५ | २०१५९ | ० | १२५६७ | ३२७२६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **गत विगत वर्षतर्फको** | | | |
| | २०७६।७७ | ९,१० | विभिन्न | १९३५३९७ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल ८७.६२ वर्ग किलोमिटर तथा २१६११ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२५ देखि २०८०।५।३१ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति -** गाउँपालिकाको प्राप्ति भुक्तानी तर्फ रु.१ अर्ब ४७ करोड ७१ लाख ४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण **अनुसूची -१ मा** संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ **वित्तीय बिबरणको परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा विस्तृत विवरण **अनुसूची**-२ मा संलग्न छ ।

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६६५८२४८५, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३३०३७९२७, र अन्य रु.८४८७०५ समेत गरी रु.२००४६९११७ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.७६६३४५.५६, यस वर्षको प्राप्ति रु.३४७७२९४.७९,यस वर्षको भुक्तानी रु.७६१३९.९८ र बैङ्क मौज्दात रु.४०९५५६००.३८ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १०,४१,७३,८३५.०३ | ५१,६२,५८,२६५.६० | ५५,६२,८१,८७२.७४ | ६,४१,५०,२२७.८९ |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | १०४९४०१८०.५९ | ५१९७३५५६०.३९ | ५५६३५८०१२.७२ | ६८२४५८२८.२७ |
| फरक | ७६६३४५.५६ | ३४७७२९४.७९ | ७६१३९.९८ | ४०९५५६००.३८ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातमा फरक परेको छैन।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. |
|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४६७०६८३१.३२ | ४६७०६८३१.३२ |
| विविध कोष खाता | १८८७८८१ | १८८७८८१ |
| प्रकोप व्यवस्थापन खाता | ४७४६५२५.८२ | ४७४६५२५.८२ |
| धरौटी | १४९०४५९०.१३ | १४९०४५९०.१३ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२.५ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.३०७५ देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०७५ |

## ३ बजेट तथा कार्यक्रम

३.१ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाएता पनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा दिर्घकालिन विषय भन्दा सालवसाली विषयलाइ समावेश गरेको देखिन्छ। आवधिक योजनामा उल्लेखित विषयहरुको पूर्ण पालना गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेता पनि समयमै बजेट सिलिङ उपलब्ध गराएको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.३ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०७९।५।५ मा रु.६५ करोड ४० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।५।५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।५।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। पालिकाले असार मसान्त भित्र बजेट पारि गर्नुपर्नेमा १ महिना ५ दिन प्रश्चात मात्र बजेट पारित गरी ऐनमा तोकिए भन्दा ढिला अख्तियारी प्रदान गरेको उपयुक्त देखिएन। ऐनमा व्यवस्था भए बमोजिम तोकिएको समयमा बजेट पारित एंव अख्तियारी प्रदान गरी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.५ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय

स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार कुल ३७७ योजनामा वजेट विनियोजन गरेको छ।

| रु.१लाख सम्मका | रु.१ लाख देखि ३लाख सम्मका | रु ३ लाख देखि ५लाख सम्मका | रु.५ लाखदेखि १० लाख सम्मका | रु.१०लाख भन्दा माथिका | कुल योजना |
|---|---|---|---|---|---|
| १२५ | १४६ | ४० | ३९ | २७ | ३७७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३६३ योजनामात्र कार्यान्वयन भई १४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.६ **लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ ।पालिकाबाट प्राप्त विवरण अनुसार प्रगति स्थिति देहाय अनुसार भएको पाइयो ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% भन्दा बढी** |
| **कार्यक्रम संख्या** | ३७७ | १४ | ० | ० | ३६३ |

पालिकाले पेश गरेको विवरण अनुसार ३७७ योजना मध्ये १४ प्रतिशत शुल्य प्रगति तथा ७५ प्रतिशत वा सो भन्दा माथि ३६३ योजना प्रगति भएको पाइयो । तोकिएको लक्ष्य प्रगति हासिल गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३.७ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | २२५२४२७०८ | ३३७८८१३९ | १४१९११९५ | ३७७४९३३४ | १३९५१४०३९ | ७९८२४८१९ |
| प्रतिशत | १०० | १५ | ६.३० | १६.७६ | ६१.९४ | ३५.४४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२२५२४२७०८ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ३३७८८१३९(१५प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१४१९११९५ (६.३०प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ३७७४९३३४ (१६.७६प्रतिशत) तथा चौथो त्रैमासिकमा रु.१३९५१४०३९(६१.९४प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.७९८२४८१९ (३५.४४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.८ **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन,२०७६ को दफा २० ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ। त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ। आर्थिक वर्ष २०७९।८० को बजेट मिति २०७९।५।८ गते सभामा पेश भई स्वीकृत भएकोमा मिति २०७९।११।२१ मा बसेको सभाको बैठकले पूर्व स्वीकृत कार्यक्रमहरुमध्ये संचालन हुन नसक्ने कार्यक्रम तथा चालु खर्च तर्फ बचत हुने रकम समेत समावेश गरी रु.२,६५,७१,२२९.३६ को योजना तथा कार्यक्रम स्वीकृत गरि बजेट संशोधन गरेको छ। यसबाट आर्थिक वर्षको लागि बजेट निर्माण गर्ने विभिन्न चरणहरुबाट निर्माण भएको बजेट बिचमा संशोधन हुनुले बजेट निर्माणमा प्रयाप्त तयारी नगरेको देखिन्छ। साथै बजेट निर्माणका सम्पूर्ण चरणबाट तर्जुमा भएको बजेट बिचमा संशोधन गरि बजेट निर्माणका चरणहरु पुरा नहुने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४५२९६००० | ३४७७१८७२ | ६.३२ |
| २ | पूर्वाधार विकास | १५९८३२५३२ | १३९८२९२३७ | २५.४२ |
| ३ | सामाजिक विकास | ३४७६७७९६६ | ३०७४६५०१९ | ५५.८९ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १७६१३००० | १४०९३६८९ | २.५६ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८३६३५३४३ | ५३९६५८७१ | ९.८१ |
| **जम्मा** | | **६५४०५४८४१** | **५५०१२५६८६** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट खर्च मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५.८९ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा २.५६ प्रतिशत रहेको छ ।आर्थिक विकासतर्फ ६.३२ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

५ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.५४४६८२४.४० राजस्व बाँडफाँड र अनुदानबाट रु.५०४६८२१९४.९९ समेत रु.५१०१२९०१८.६ आम्दानी भएकोमा चालु तर्फ रु. ३२,४८,८२,९७८.६० र पूँजिगत तर्फ रु.२२,५२,४२,७०७.८५ समेत रु.५५०१२५६८६.४५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.१०२१७६०० खर्च भएको छ जुन आन्तरिक आयको १८७.५९ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.६९ प्रतशित चालु र ३६.३१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ६ आन्तरिक नियन्त्रण व्यवस्थापन

६.१ **सफ्टवेयर खरिद** -४९५-०८०।३।२२ नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। पालिकाले यस वर्ष योजना तथा कार्यक्रम अभिलेख व्यवस्थापन सफ्ट्रवेयर खरिदमा रु.२००००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन ।पालिकाले सफ्ट्रवेयर खरिद गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई खर्च छ। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६.२ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यसबर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको बार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाईयो ।

• गाउँपालिकाले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँज गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसबर्ष कार्यसम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा योजना निर्माण गर्न गठन भएका उपभोक्ता समिति मान्यता प्राप्त हुने गरी दर्ता हुने नगरेकोले हस्तान्तरण हुने गरेको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्नेमा गरेको छैन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की

तथा बेरुजु अभिलेख राखी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख राखेको छैन ।

• कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको ।

• निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो। अतः योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनले औल्याएका व्यवस्थाहरुको पुर्ण रुपमा कार्यान्वयन नभएको।

• पालिकाले विभिन्न योजनाहरुको लागत अनुमान तयार गर्दा नदिजन्य पदार्थमा लाग्ने रोयल्टी रकम समावेश गरि लागत अनुमान तयारी एंवम सम्झौता गरि भुक्तानी गर्नुपर्नेमा सो गरेको छैन ।पालिकाले योजनामा उपयोग हुने नदिजन्य पदार्थको रोयल्टी असुल गरि पालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

कार्यालयले प्रचलित ऐन, नियम र कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्नाको साथै ऐन, नियमको अधिनमा रही कार्यालको लागि अवश्यक पर्ने आन्तरीक नियन्त्रण कर्यबिधि तयार गरी प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु क्रमश सुधार गर्दै जानु पर्दछ । यस सम्वन्धमा क्रमश सुधार गर्दै जाने कार्यालयको भनाई रहेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६.३ **इन्धन तथा मर्मत खर्च** - यस सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छन

क) **इन्धन खर्चः** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धनमा रु.१९९७७६१ खर्च गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत राख्नुपर्नेमा राखेको छैन यसबाट इन्धन खर्च मितव्ययि छ भनी आश्वस्त हुन सकिएन ।

ख) **सवारी मर्मत खर्चः** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस बर्ष सवारी मर्मतमा रु.१४५०६६२ खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मत अभिलेख अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरि मर्मत खर्चमा मितव्ययी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ७ संगठन तथा कर्मचारी व्यवस्थापन

७.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत प्रशासन २ जना, लेखा अधिकृत १ जना, सहायक पाँचौ २ जना, कृषि सहायक २ जना, अ.सव इन्जिनियर ४ जना सहित २३ जना रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७.२ **कर्मचारी करार-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।पालिकाले संगठन तथा व्यवस्थापन संवेक्षण प्रतिवेदन सभाबाट पारित गरि सो अनुसार अ.न.मी, कार्यालय सहयोगी, प्रधानमन्त्री रोजगार संयोजक लगायत विभिन्न पदमा ३८ जना कर्मचारीहरू करारमा राखि रु ४७८७६७८ खर्च लेखेको छ ।

सैद्धान्तिक बेरुजु

७.३ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष प्राविधिक कर्मचारी फिल्ड भत्तामा रु.३९७७६७ खर्च छ । पालिकाको आन्तरिक आयश्रोत सुदृढ र मजवुत नभएको अवस्थामा यस्तो भत्ता वितरण गर्दा थप आर्थिक व्ययभार पर्न जाने देखिएकोले प्रोत्साहन भत्ता वितरण कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.४ **कर्मचारी कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । पालिकाले ऐनको व्यवस्था गरि कर्मचारी कल्याण कोषको व्यवस्था गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८ **अनुदान फिर्ता -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा सर्सत अनुदान रु ७१९०० र प्रदेश विशेष अनुदान रु.५००००० फिर्ता गर्नुपर्ने देखाएको छ । म.ले.प.फा.नं २७२ बाट यकिन भई सकेको अनुदान लेखापरीक्षण अवधिसम्म पनि फिर्ता गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,७१,९०० |

९ **विविध खर्च -** खर्चमा मितव्यिता कायम गर्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो ।

| खर्च तर्फ | बार्षिक खर्च रकम |
|---|---|
| विविध खर्च | २६१८००० |
| बैठक भता | २७५२००० |
| भ्रमण खर्च | ७६०२५७ |

• निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भत्ता दिएको पाईयो ।

• विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश भएपछि मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्दछ ।

यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१० **सम्पति हस्तान्तरण र अभिलेख**

१०.१ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने,

प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१०.२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेता पनि स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख अद्यावधिक गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ११ कानून निर्माण एंव कार्यान्वयन

११.१ **कानून र सञ्चालन स्थिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २७ वटा ऐन, ५ वटा नियमावली, ६४ कार्यविधि लगायत ९६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। निर्माण भएका कानूनहरुको पूर्ण पालना हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद

दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष थप भएको ५ विवाद दर्ता भएकोमा ३ वटा मात्र फस्यौंट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१२ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले अरल्घा शिवालय मन्दिर निर्माण उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.२०००००० बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.२०००००० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | २,००,००० |

१३ **आन्तरिक आय तर्फ**

१३.१ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै एकिन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनु पर्ने देखियो ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१३.२ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६०३६३२३ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.५४४६८२४.४० अर्थात अनुमान भन्दा ९.७७ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१३.३ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३९९२२८४७६ | ५४४६८२४.४० | १.३६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.३६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१३.४ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| घरजग्गा वहाल कर | ३४०००० | ३३५०६७ | ९८.५४ |
| व्यवसाय कर | ३८५००० | १९०९८४ | ४९.६ |
| वहाल विरौटी शुल्क | ५००० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१३.५ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१९०९८४ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३.६ **कवाडी सङ्कलन ठेक्का -** गाउँपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची ५ मा जडिवुटि, कवाडी र जीवजन्तु करको रु ९९००० आय अनुमान गरिएकोमा सोहि रकमलाई लागत अनुमान स्वीकृत गरी ०७९।५।२० मा सिलबन्दी दरभाउपत्र

माग गर्दा पेश ९ प्रस्ताव मध्ये सबै भन्दा वढी रकम कबोल गर्ने डि कन्स्ट्रक्सन प्रा लि ललितपुरको रु.६१०००० को प्रस्ताव स्वीकृत गरेको पाइयो ।दरभाउपत्रको सूचनाको बुदाँ नं ५ मा कबोल रकमको सत प्रतिशत रकम सम्झौता गर्न आउदा वुझाउनु पर्ने उल्लेख भएकोले सो अनुसार ०७९।६।९ मा रु.६१९१५० पालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको पाइयो । पालिकाले उक्त प्रस्ताव अनुसार प्राप्त गरेको मुल्य अभिवृद्धि कर रकम रु.७०१७७ र अग्रीम आयकर वापतको रु.८०९७ सम्बन्धित राजस्व शिर्षकमा जम्मा गर्नुपर्नेमा पालिकाको आन्तरिक राजस्व खातामा राखेकोले उक्त रकम सम्बन्धित राजस्व खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७८,२७४ |

१३.७ पालिकाले गत वर्ष प्रयोग हुन वाँकी, यस वर्षको छपाई एंव प्रयोग भएको र वाँकी रहेका रसिद विवरण खुल्ने गरि नगदी रसिद नियन्त्रण खाता राख्नुपर्नेमा लेखापरीक्षणको समयमा विवरण तयार गरेको आधारमा लेखापरीक्षण गरिएको छ ।कार्यालयले वडाहरुमा पठाएको रसिदको दोस्रो प्रति फिर्ता प्राप्त गरी दैनिक रुपमा काटिएका नगदी रसिदहरुको अभिलेख तयार गरेको छैन । त्यस्तै बैंकमा दाखिला भएको रकमको आधारमा गोश्वार भौचर उठाएको देखिन्छ । कार्यालयले नगदी रसिदको दैनिक आवर्जे, म.ले.प.फा.नं. १०6 पनि तयार गरेको छैन । दैनिक राजश्व असुली रकम म.ले.प.फा.नं. १०6 मा पोष्टिङ गर्दै मासिक जोड जम्मा गरी वार्षिक रुपमा स्पष्ट देखिने गरी राजश्व प्राप्त भएको अभिलेख तयार नगरेकोले कार्यालयले प्राप्त गर्नुपर्ने राजश्व रकम सम्बन्धमा एकिन गर्न सकिएन ।निम्नानुसार वडाले वुझि लिएको रसिद परीक्षण गर्दा देहायको अवस्था देखिएकोले सो सम्बन्धमा पालिकाले एकिन गरि दाखिला गर्न वाँकी रकम दाखिला गर्नुपर्दछ ।

| वडा नं | जिम्मेवार व्यक्ति | रसिद नं | कैफियत |
|---|---|---|---|
| ८ | पुष्पराज भण्डारी | ३५१-४०० | नगदी ठेली पेश नभएको |
| ७ | पुष्पराज भण्डारी | ३०१-३५० | नगदी ठेली पेश नभएको |
| १ | तारा वहादुर वि क | ४७१६ | ग्राहक प्रति नभएको र कार्यालय प्रति खालि राखेको |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१४ **कार्य सम्पादन मुल्यांकनमा वैठक भत्ता -** कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन गरे वापत कर्मचारीहरुलाई कार्य सम्पादन मूल्यांकन गर्दा बैठक भत्ता दिने व्यवस्था देखिदैन। पालिकाले कार्यसम्पादन मूल्याङकन पुनरावलोकन जस्तो गोप्य वैठकमा कार्यसम्पादन मूल्याङकन पुनरावलोकन समितिका सदस्य बाहेकका का.स तथा विषय विज्ञको रुपमा कर्मचारीहरु राखी वैठक भत्ता भुक्तानी गरेको देखियो। कार्यालयले विभिन्न कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन गर्दा बैठक बसेको जनाई रु.४८००० भत्ता भुक्तानी गरेकोमा कार्य सम्पादन मूल्याङ्कन पुनरावलोकन समिति बाहेकका असम्बन्धित कर्मचारीहरुलाई बैठक भत्ता भुक्तानी गर्न मिल्ने नदेखिएकोले निम्नानुसारको रकम रु.२५५०० असुल गर्नुपर्ने रु.

| क स | नाम थर | वैठक संख्या | भत्ता दर | वुझेको रकम | |
|---|---|---|---|---|---|
| १ | बाबुराम थापा | ४ | १५०० | ५१०० | ३६०-०८०।२।११ |
| २ | विनोद प्रसाद कुंवर | ४ | १५०० | ५१०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | शिवहरी खनाल | ४ | १५०० | ५१०० | |
| ४ | नारायण प्रसाद दमासे | ४ | १५०० | ५१०० | |
| ५ | मुकुन्दहरी घिमिरे | ४ | १५०० | ५१०० | |
| | जम्मा | | | २५५०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,५०० |

१५ **गत वर्षको दायित्व -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ मा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने आधार र पर्याप्त कारण सहित सम्बन्धित कार्यालयले संलग्न बिल भरपाइ बमोजिम आगामी बर्ष भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी ७ दिन भित्र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराइ राख्नु पर्ने व्यवस्था छ। सोही नियमको उपनियम १५ मा अघिल्लो आ व को भुक्तानी दिन सकिने खर्चमा तलब स्वीकृत दरवन्दीको महंगी भत्ता, स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न औषधि उपचार बन्दीको सिधा सेवा निवृत्त सुविधा स्वीकृत बार्षिक कार्यक्रम समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग सम्झौता बमोजिमको रकम मात्र प्रमाणित गराइ भुक्तानी हुन सक्ने व्यवस्था छ ।स्थानीय तहले अनुगमन भत्ता,मर्मत खर्च,वैठक भत्ता,तलब लगायतका व्यक्ति फर्महरुलाइ रु २५३५८५८६ भुक्तानी दिन बाँकी रहेको बिबरण सभाबाट स्वीकृत गरि भुक्तानी गरेको पाइयो। बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण उक्त रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्ने व्यबस्था मिलाउनु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१६ **शिर्षक फरक -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) मा सम्बन्धित उपशीर्षकमा विनियोजन भएको एक समूहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिन भित्र त्यसरी खर्च गरेको रकम नियम ४३ बमोजिम नियमित गराउनु पर्ने व्यवस्था छ।कार्यालयले खर्च लेख्नुपर्ने शिर्षकमा नलेखि अन्य शिर्षकमा खर्च लेखेको अनियमित देखिएको रु

| गौ.भो.नं. ।मिति | खर्च भएको शिर्षक | खर्च लेख्नु पर्ने शिर्षक | रकम |
|---|---|---|---|
| ४६०-०८०।३।१९ | पानी तथा विजुली | जनजाति तथा दलित विशेष कार्यक्रम | १००००० |
| २५-०८०।१।१३(गा पा शिक्षा | विद्यार्थी प्रतिभा प्रस्फुटन | राष्ट्रपति रनिङ्गशिल | ५१६५० |
| १४४-०७९।१०।११ | भैपरी आउने खर्च | आई.एल.जी प्रोफाइल | १४२०८० |
| १०८-०८०।३।१९ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ | १२५२०० |
| १८६-०८०।३।११ | दिवा खाजा | धार्मिक विद्यालय व्यवस्थापन अनुदान | ४८२००० |

| | | | |
|---|---|---|---|
| | | जम्मा | ९००९३० |

| | |
|---|---|
| अनियमित भएको | ९,००,९३० |

१७ **सवारी साधन विमा -** १५५-०७९।११।१० सार्वजनिक खर्चलाइ मितव्ययी तथा प्रभावकारी वनाउने सम्बन्धि मापदण्ड, २०७८ मा सार्वजनिक खर्चको मितव्ययिता अपनाउनु पर्ने व्यवस्था छ। चिदिका उपस्वास्थ्य चौकीमा रहेको एम्बुलेन्सले सन्धिखर्क जाने क्रममा एक्सीडेन्ट भइ टयाक्सीमा क्षति पुप्याए वापत टयाक्सी मर्मतका लागि गाउँपालिकाले रु१८८८४० स्वास्थ्य चौकीलाइ अनुदान दिएको छ। चिदिका उप स्वास्थ्य चौकीले आफ्नो मातहत रहेको सवारी साधनको तेस्रो पक्षको विमा समयमा नगरेको कारण पालिकालाइ रु.१८८८४० थप व्ययभार परेको देखियो। समयमा सवारी साधनको विमा नगराउनेलाइ जिम्मेवारी बनाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१८ **अनुगमन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण कार्य उपाध्यक्षको संयोजकत्वमा गठित समितिबाट हुने व्यवस्था छ तथा अनुगमन भत्ता लुम्बिनी प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७६ को दफा १४ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ । वडाका योजनाहरुको अनुगमन गरे वापत वडा योजना अनुगमन समितिलाई भत्ता भुक्तानी गर्ने व्यवस्था गरेको छैन।पालिकाले आफ्नो कार्य क्षेत्रभित्र संचालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्य क्षेत्रभित्र पर्दछ । पालिकाले समिति भन्दा बाहिरका सदस्यलाइ समेत भत्ता भुक्तानी गरेको पाइयो । गाउँपालिका स्तरीय अनुगमन समिति बाहेकका पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## १९ शिक्षा तर्फ

१९.१ **विद्यालयको अनुगमन नियमन व्यवस्था** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१९.२ **निःशुल्क पाठ्यपुस्तक -** कार्यालयले निःशुल्क पाठ्यपुस्तक खरिदको लागि विद्यालयलाई रु.१२६६९१२ अनुदान निकासा गरिएको छ। सार्वजनिक विद्यालयमा प्रदान गरिने निःशुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीलाई उपलब्ध गराए नगराएको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको सम्बन्धमा

कार्यालयले अनुगमन गर्नुपर्दछ ।पालिकाले विद्यालयले पाठ्यपुस्तक विद्यार्थीले पाए नपाएको एकिन गर्नुपर्दछ । विद्यालयले विद्यार्थीलाइ पाठ्यपुस्तक वुझाएको भरपाइ र खरिदको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१९.३ **स्यानीटरी प्याड वर्षान्तमा खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधि भित्रमा समाप्त गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष एन्जल टच हाइजिन म्यानूफ्याक्चरिङ प्रा.लि.बाट रु.९९१०५९ को १०६०० प्याकेट प्याड सोझै खरिद गरि विद्यालयलाइ दिएको छ ।कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ १८ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१९.४ **दिवा खाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु. १५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका परीक्षामा सामेल भएको दिनसमेतको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले यस वर्ष दिवा खाजाका लागि विद्यालयहरुलाइ रु.६१७८३४५ निकासा दिएको छ । दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्वन्धमा पालिकाले अनुगमन तथा दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१९.५ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका २२ विद्यालयका शिक्षक नियुक्ति गरि वित्तीय समानीकरण अनुदानबाट रु.३२३९०६७ तलब भत्ता भुक्तानी गरेको अनियमित देखिएको रु.

| अनियमित भएको | ३२,३९,०६७ |
|---|---|

१९.६ **छात्रवृत्ति वितरण -** विद्यालयहरूको वार्षिक कार्यक्रम अनुसार आधारभुत तह र माध्यमिक तहका छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति कार्यक्रम अन्तर्गत पालिकाले वटा विद्यालयहरूलाई रकम निकाशा दिएको छ । कार्यालयले विद्यालयहरूलाइ छात्रवृत्ति वितरणको लागि रु.१२९३६०० निकासा गरेको छ । कार्यालयले छात्रवृत्ति रकम लाभान्वित विद्यार्थीहरूलाई

वितरण गरे नगरेको तथा उक्त छात्रवृत्तिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभावको अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी छात्रावृत्तिको वितरणमा पारदर्शिता एवं प्रभावकारीता ल्याउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१९.७ **ल्याव सामग्री तथा OJT-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं.२.७.१३.५० मा शिक्षण सिकाइ सामग्री तथा lab assistant, equipments and practical material, OJT, operation cost व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१२ लाइ रु १५ हजारका दरले विद्यालयलाइ अनुदान दिने व्यवस्था छ । विद्यालयलाइ ल्याव सामग्रीका लागि एकमुष्ठ रु २ लाख अनुदान दिने व्यवस्था छ । पालिकाले यस वर्ष श्री सरस्वती माध्यमिक विद्यालय भुस्कातलाइ रु.१४४५००० अनुदान दिएकोमा विद्यालयले विद्यार्थीलाइ वितरण गरे नगरेको तथा ल्याव सामग्री खरिद गरे नगरेको अनुगमन गरेको छैन । विद्यालयले अनुदानको सहि उपयोग भए नभएको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **औषधी खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले विभिन्न फर्मसँग रु.३०२८०५६ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२१ **पोशाक भत्ता -** अध्ययन विदामा रहेको अवधिमा पोशाक भत्ता लिन मिल्ने व्यवस्था रहेको छैन। पालिकाले यस वर्ष अध्ययन विदामा रहेको समयमा डा.वैभव पाण्डेलाइ पोशाक भत्ता दिएको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

२२ **लघुउद्यम कार्यक्रम -** गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१ को उपदफा ३ अनुसार उद्यमीलाई प्रदान गरिन प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपुर्तिकर्ताले कबुल गरेको कुल अँकको कम्तीमा २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकम मात्र कार्यालयले आपुर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष प्रविधि खरिदमा सत प्रतिशत रकम भुक्तानी गरि उद्यमीवाट संकलित राजश्व स्थानीय संचित कोषमा दाखिला गरेको रु.१६१८०८ संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६१,८०८ |

२३ **भरपाई पेश नभएको -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ ।कार्यालयले खरिद गरेको सामग्री लेखापरीक्षणको अवधिसम्म वितरण नभइ मौज्दात रहेको देखियो । पालिकाले आवश्यकताको पहिचान गरेर मात्र खरिद गर्नुपर्दछ ।

| **क स** | **नाम** | **परिमाण** | **दर** | **रकम** |
|---|---|---|---|---|
| १ | **Nursery** पाठ्यपुस्तक | ४० | ८०८.३५ | ३२३३४ |
| २ | **2*1*1** को जाली | ३० | ३३९० | १०१७०० |
| ३ | २० एम एम पाइप | ६०० मि | ३८.४२ | २३०५२ |
| ४ | **1.5*1*1** को जाली | ३५ | २५३१ | ८८५८५ |
| ५ | ३२ एम एम पाइप | ४०० मि | ६६.६७ | २६६६८ |
| | | **जम्मा** | | २७२३३९ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **नाफामुलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| **गौ.भो.नं. ।मिति** | **अनुदान प्राप्त गर्ने संस्था** | **अनुदान व्यहोरा** | **अनुदान रु.** |
|---|---|---|---|
| २८६-०८०।३।१७ | कालिका सहकारी वचत तथा ऋण सहकारी संस्था | फर्निचर | ५०००० |
| ३१४-०८०।३।२१ | हरियाली सहकारी संस्था | शौचालय निर्माण | २००००० |
| | | जम्मा | २५०००० |

| | |
|---|---|
| अनियमित भएको | २,५०,००० |

२५ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा ६४ निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९९ जनालाई रोजगारी उपलव्ध गराई रु.५७०९४१५ खर्च गरेको विवरण पालिकाले उपलब्ध गराएको छ। लक्षित वर्गलाई ९५ देखि १०० दिनसम्म ६४ योजनामा रोजगारी उपलब्ध गराई श्रमिक ज्याला,

प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।

सैद्धान्तिक बेरुजु

## २६ सामाजिक सुरक्षा भत्ता

२६.१ **निष्कृय खाता -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंकबीच हुने सम्झौतापत्रको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए पालिकालाई उपलव्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलव्ध गराउनुपर्ने र सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछिको रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक साउन र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्र्यौट भएपश्चात दोस्रो र दोस्रो किस्ता फछ्र्यौट गरी तेस्रो किस्ता र तेस्रो किस्ता फछ्र्यौट भएपश्चात चौथौ निकासा दिई फछ्र्यौट गरेता पनि बैकले निष्कृय खाताको विवरण पालिकालाई उपलब्ध गराएको छैन। बैङ्कलाइ निकासा रकम खर्च नभई निष्कृय खातामा बाँकी रकम फिर्ता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६.२ **दोहोरो नागरिकता नम्बर** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, 2077 को दफा 4 मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षमा कार्तिक मसान्तभित्र लाभग्राहीको नविकरणको अभिलेख अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले एउटै नागरिकता नम्बर दोहोरिएको सबै किस्ता गरी ३२ जनालाई रु.१२६८५४४- भत्ता वितरण गरिएको छ। सोही जिल्लामा नागरिकता नम्बर एउटै नहुनाले निम्न लाभग्राहीहरुको एउटै नागरिकता नम्बर भएको दुई व्यक्ति फरक-फरक हो भनी भत्ता वितरण भएको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्ने रु

| क स | वडा नं | नाम | Personal Id | Gender | Birth Date BS | नागरिकता नं | रकम |
|---|---|---|---|---|---|---|---|
| 1. | 3 | Jhup Bahadur Mijar | 2019022501397 | MALE | 25-02-2019 | 863 | 7980 |
| 2. | 8 | Dilli Sarki | 2010110600555 | FEMALE | 6-11-2010 | 863 | 12000 |
| 3. | 8 | Parwata Kami | 2054102100364 | FEMALE | 21-10-2054 | 12345 | 11970 |
| 4. | 8 | Ganesh Kami | 2050010501008 | MALE | 5-1-2050 | 12345 | 6384 |
| 5. | 5 | Bel Kumari Panthi | 2007091501737 | FEMALE | 15-9-2007 | 422712 | 12000 |
| 6. | 5 | Damkala Panthi | 2012052700262 | FEMALE | 27-5-2012 | 422712 | 7980 |
| 7. | 4 | Man Kumari Bhusal | 2008100701565 | FEMALE | 07-10-2008 | 615632 | 12000 |
| 8. | 4 | Man Kumari Bhusal | 2008100702423 | FEMALE | 07-10-2008 | 615632 | 12000 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 9. | 2 | Durga Kumari Shrestha | 2007041504088 | FEMALE | 15-4-2007 | 6203387 | 12000 |
| 10. | 5 | Gurga Kumari Shrestha | 2007041504054 | FEMALE | 15-4-2007 | 6203387 | 12000 |
| 11. | 7 | nim bahadur shah | 2008062002393 | MALE | 20-06-2008 | 24551907 | 12000 |
| 12. | 7 | nim bahadur shaha | 2008062002242 | MALE | 20-06-2008 | 24551907 | 12000 |
| 13. | 6 | Jhumalala Kumal | 2020010403521 | FEMALE | 04-01-2020 | 403008451 | 7980 |
| 14. | 5 | Giradevi Sherstha | 2011072500692 | FEMALE | 25-7-2011 | 206 I 3162 | 7980 |
| 15. | 5 | Shivakala Acharya | 2011060501215 | FEMALE | 5-6-2011 | 206 I 3162 | 7980 |
| 16. | 3 | Naridevi Mijar | 2007122000741 | FEMALE | 20-12-2007 | 2183 I 1415 | 12000 |
| 17. | 3 | Basanti Sarki | 2016090500418 | FEMALE | 5-9-2016 | 2183 I 1415 | 7980 |
| 18. | 7 | dhanakala pandey | 2022102400472 | FEMALE | 24-10-2022 | 403006-625 | 7980 |
| 19. | 7 | dhanakala pandey | 2022102400407 | FEMALE | 24-10-2022 | 403006-625 | 7980 |
| 20. | 4 | Nityananda Parajuli | 2007051601147 | MALE | 16-5-2007 | 886 I 1419 | 12000 |
| 21. | 4 | Nityananda Parajuli | 1996060603097 | MALE | 6-6-1996 | 886 I 1419 | 12000 |
| | जम्मा | | | | | | २१४१९४ |
| | ४ वटै किस्ताको जम्मा | | | | | | ८५६७७६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,५६,७७६ |

२६.३ **दोहोरो खाता नम्बरमा सामाजिक सुरक्षा भत्ता दाखिला -** सामाजिक सुरक्षा नियमावली, २०७६ मा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको वैक खाता मार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वैक खाता मार्फत वितरण गरेकोमा वैकले लाभग्राहीको खातामा भत्ता पठाएको रिभर्स फिड परिक्षण गर्दा खाता दोहोरो परेको देखियो । पालिकाले खाता दोहोरो परेको सम्बन्धमा एकिन गरि सम्बन्धित वैकवाट दोहोरो खातामा भएको भत्ता असुल गरि संचित कोष दाखिला गर्नुपर्ने रु

| **क स** | **वडा नं** | **नाम** | **उमेर** | **जन्म मिति** | **खाता नं** | **रकम** |
|---|---|---|---|---|---|---|
| 1. | 3 | Narayan Sapkota | 83 | 18-1-1940 | 0040050025098 | 12000 |
| 2. | 3 | santa Kumal | 69 | 19-3-1954 | 0040050025098 | 12000 |
| 3. | 4 | Durpata - Paudel | 87 | 9-7-1936 | 21410017501134 | 12000 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 4. | 4 | Durpata Neupane | 74 | 31-8-1948 | 21410017501134 | 12000 |
| 5. | 4 | Deauka - Paudel | 83 | 27-4-1940 | 21410017501154 | 12000 |
| 6. | 4 | Dev Bahadur Gharti | 83 | 28-6-1940 | 21410017501154 | 12000 |
| 7. | 5 | Ansu Tamrakar | 3 | 7-10-2019 | 21410017504184 | 1596 |
| 8. | 5 | Anuska B . K. | 5 | 29-7-2018 | 21410017504184 | 1596 |
| 9. | 4 | Chandra Bahadur Kami | 71 | 23-6-1952 | 21410017505346 | 12000 |
| 10. | 4 | Chandra Bahadur Saru Magar | 74 | 25-7-1949 | 21410017505346 | 12000 |
| | जम्मा | | | | | ९९१९१ |
| | ४ वटै किस्ता जम्मा | | | | | ३९६७६८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९६,७६८ |

२७ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २९ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **आन्तरिक लेखापरीक्षण -** आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । कार्यालयमा आन्तरीक लेखापरीक्षण शाखा रहेता पनि चौमासिक रुपमा लेखापरीक्षण भएको छैन । चौमासिक लेखापरीक्षण गरी सोको चौमासिक रुपमा प्रतिवेदन जारी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क.स. | कार्यक्रमको नाम | फर्म | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | ने रा मा वि विस्तृत परियोजना प्रतिवेदन | बास्तु शिल्पा आर्किटेक एण्ड विल्डर्स प्रा लि | ३९९४५५ |
| २ | बरारुख हेल्थ पोष्ट वडा कुँवरका चौपारी कार्यालय मोटरवल रोड पिच कार्यलय | रोपना इन्जिनियिङ सोलुसन प्रा लि | ३९९९२८ |
| ३ | अर्घातोष चिदिपानी मिलमिले मोटरबाटो | इन्भारमेन्ट प्लानिङ्ग एण्ड मेनेजमेन्ट प्रा लि | ४९५९७३ |
| | | जम्मा | १२९५३५६ |

डि.पि.आर. तयार भएका योजनाहरु पालिकाले कार्यान्वयन गरेता पनि कार्यालयको जनशक्तिवाट डिपिआर तयारी हुन सक्ने नसक्ने सम्बन्धमा पालिकाले खुलाएको छैन । पालिकाको प्राविधिक जनशक्तिबाट हुन नसक्ने कार्य मात्र सेवा परामर्शबाट गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **वितरणमुखी कार्यक्रम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ। कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ। पालिकाले कार्यक्रम बनाउँदा उत्पादनमुखी पुजिगत कार्यक्रम तयार गरेको हुनु पर्दछ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितिरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ। अत कार्यक्रम तयार गर्दा वितरणमुखी बनाउने कार्य नियन्त्रण गरिनु पर्दछ। यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;

| भौ.न. मिति | कार्यक्रमको नाम | वितरण सामग्री | रकम |
|---|---|---|---|
| ५४८-०८०।३।२४ | वडा नं ३ मन्दिरलाई सामग्री वितरण | हारमोनियम,मादल,मजुरा | ८८०२७ |
| ५७४-०८०।३।२९ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | न्यानो कपडा | १२५००० |
| ५११-०८०।३।२३ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ब्लाङ्केट, च्यावनप्रास | १२५००० |
| ५१२-०८०।३।२३ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ब्लाङ्केट, च्यावनप्रास | १२५००० |
| ५१०-०८०।३।२३ | छत्रदेव नेव देव दवु समिति भाषा सँस्कृति तथा भेषभुषा संरक्षण | नेवारी पोशाक वितरण | ४९८५६६ |
| ९७-०७९।९।२५ | संस्कृति प्रवर्द्धनका लागि वाद्यवादन सामग्री खरिद | वाद्यवादन सामग्री | १९९७३५ |
| २०-०८०।१।२५ | रोटेपानी आमा समुहका लागि फर्निचर खरिद | फर्निचर | ९९९४८ |
| ९७-०७९।१२।१९ | जनता आवाशका लागि डबल बेड खाट वितरण | फर्निचर | ३५२०० |
| ३२७-०८०।३।२१ | खानेपानी ट्यांकी खरिद | ट्यांकी वितरण | ७९४७३४ |

| | | | |
|---|---|---|---|
| २३-०७९।९।२६ | मेसिनमेड तार जाली खरिद | जाली | १३२७३४३ |
| २२-०७९।९।२६ | पाइप खरिद तथा वितरण | पाइप | ९९०८७५ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३१ **औद्योगिक ग्राम निर्माण -** औद्योगिक ग्राम घोषणा तथा संचालन सम्बन्धि कार्यविधि, २०७५ को १२(१) मा नेपाल सरकारबाट औद्योगिक ग्राम घोषणा भएका स्थानमा स्थानीय तहले प्रदेश मन्त्रालयसँग समन्वय गरि औद्योगिक ग्रामको निर्माण तथा विकास गर्न सक्ने व्यवस्था छ। औद्योगिक ग्राम स्थापनाका लागि स्थानीय तहले पूर्व सम्भाव्यता अध्ययन, जग्गा छनोट, जग्गाको स्वामित्व भए पछि मात्र निर्माण कार्य गर्नुपर्दछ।पालिकामा यस वर्ष औद्योगिक ग्रामका लागि रु.९२००००० प्राप्त भएकोमा कुनै कार्य अगाडी वढेको देखिएन। पालिकालाइ औद्योगिक ग्रामका लागि प्राप्त भएको जग्गाको भोगाधिकार प्राप्त नभएकोले अनुदान खर्च नभइ गाउँपालिका संचित कोषमा रहेको रकम संघीय संचित कोष फिर्ता गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२ **मल ढुवानीमा अनुदान -** अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ मा प्रदेश तथा स्थानीय तहले मल ढुवानीमा अनुदान दिन सक्ने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष मल ढुवानीमा प्रति मेट्रिक टनमा रु.७ का दरले जम्मा रु.११६०८७५ खर्च लेखेको छ ।पालिकाले मल ढुवानीका लागि कृषि सहकारी संस्थालाइ अनुदान दिएकोमा कृषक तथा कृषि समुहहरुले ढुवानी बाहेकको मुल्यमा मल प्राप्त गरे नगरेको पालिकाले सुनिश्चित गरेको छैन ।कृषि सहकारी संस्थालाई दिएको मल ढुवानी अनुदानको अनुगमन गरी कृषक तथा कृषि समुहहरुले तोकिएको मूल्यमा मल प्राप्त गरेको पालिकाले सुनिश्चित गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३ **कृषि सामग्रीहरुको ढुवानी खर्च व्यवस्थापन -** पालिकाले स्थानीय स्तरमा कृषकद्धारा उत्पादित कृषि उपज वडाको संकलन केन्द्र देखि रिडिसम्म पुऱ्याउनका लागि पैंचो पसल प्रा लि सँग ३ महिनाको ढुवानी वापत प्रति महिना रु.१ लाखका दरले सम्झौता गरि भौचर नं ४८-०८०।३।२० बाट रु.३००००० भुक्तानी गरेको देखियो। व्यवसायिक उद्देश्यले स्थापित प्रा लि ले सामग्री संकलन र ढुवानी लागत थप गरि कृषि सामग्री विक्रि वितरण गर्ने भएकोले पालिकाले ढुवानी वापतको अनुदान रकम प्रा लि लाइ भुक्तानी गर्न मिल्ने नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

३४ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। गाउँपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न विद्यालय तथा सहकारी संस्थाहरुलाई बीउपूँजी तथा अनुदान खर्च लेखेको छ। कार्यालयबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन ।पालिकाले यस वर्ष कृषि, पशु, स्वास्थ्य तर्फका अनुदानका कार्यक्रममा अनुगमन प्रतिवेदन पेश गरेको देखिएन ।तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३५ **कार्य सम्पन्न नभएको -** जनकल्याण माध्यमिक विद्यालयमा २ कोठे भवन निर्माण कार्यका लागि २०७९।१०।२० मा २०८०।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी रु.३४५४९१०.६८ लागतमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको रु.२५ लाख र गाउँपालिकाबाट रु.५०००००।— अनुदान रकम उपलब्ध गराउने गरी सम्झौता भएको देखियो। निर्धारित अवधिसम्म रु.२८८०४६९.३२ को अद्यावधिक कार्य भई पालिकाबाट रु.२५०००००।— अनुदान निकासा भएकोमा सम्झौतानुसारको कार्यस्वीकार भएको देखिएन। सम्झौतामा उल्लेख भए अनुसार रङ्गरोगन, कोल्याप्सेवल गेट फिटिङ्ग, इलेक्ट्रिकल्स लगायतका कार्य भएको नदेखिएकोले विद्यालय भवन अधुरो रहेको पाइयो ।सम्झौतानुसार अधुरो कार्य पुरा गराई कार्यसम्पन्न भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,००,००० |

३६ **ठेक्का व्यवस्थापन**

३६.१ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६.२ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ७.३ देखि ४२.९८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | नागरिक आरोग्य केन्द्र भवन निर्माण | १।०७९।८० | जोग्मा बिल्डर्स प्रा लि | १००३६९८१ | ५९७९३६४ | ४०.४३ |
| २ | गौरीपिपल धरमपानी गर्भे मोटररेवल सडक स्तरोन्नती | २।०७९।८० | वि जि कस्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ९७४४१४३ | ५५५६४३२ | ४२.९८ |

सैद्धान्तिक बेरुजु

३६.३ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३६.४ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२२५२४२७०८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। पालिकाले आफ्नो खरिद नियमावली बनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ३७ एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम

३७.१ ठेक्का नं.१०-०७७।७८ एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ठेक्का नं.१०-०७७।७८ १५ शैय्याको प्राथमिक अस्पताल निर्माण कार्यको लागि प्रतिष्ठा/भुसाल/ बस्नेत जे.भी.सँग २०७८।४।११ मा २०८०।४।११ भित्र कार्य सम्पन्न गर्ने गरी रु.१०६४९१२७४।४६ को सम्झौता भएकोमा यस वर्ष रु.१४८२२५६२।८९ को कार्य भई प्रथम रनिङ्ग बिल एवं मूल्य समायोजनबापत रु.१६३२५१३६।- भुक्तानी भएको देखियो। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छनः

सैद्धान्तिक बेरुजु

३७.२ निर्माण व्यवसायीसँग २४ महिनाभित्र अस्पताल निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८०।१।११ सम्मको अवधि व्ययतित हुँदासम्म कुनै कार्य नभएको र यस वर्षको चौथो त्रैमासिकबाट मात्र कार्य शुरु भएकोले सम्झौतानुसार कार्य हुन नसकेको एवं कार्य प्रगति न्यून रहेको देखियो ।निर्माण व्यवसायीले ड्रइङ्ग डिजाइन समयमा प्राप्त नभएको, प्रतिकूल मौसम, चाडबाड एवं निर्वाचन लगायतका कारण देखाई २०८०।२।११ र पुनः २०८०।४।८ मा निवेदन दिएकोमा नेपाल सरकारको २०८०।३।२१ को बाधा फुकाउ आदेश एवं सार्वजनिक खरिद नियमावली, २०६४ को बाह्रौ संशोधन अनुसार कार्यपालिकाको २०८०।५।३ को निर्णयानुसार २०८१।४।१० सम्म म्याद थप भएको देखियो ।थप म्यादभित्र कार्य सम्पन्न हुनेगरी कार्य प्रगति हाँसिल गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७.३ ठेक्का नं.१०-०७७।७८ १५ शैय्याको प्राथमिक अस्पताल निर्माण कार्यका निर्माण व्यवसायी प्रतिष्ठा/भुसाल/ बस्नेत जे.भी.लाई गो.भौ.नं.५-२०८०।३।७ बाट प्रथम बिल र मूल्य समायोजनबापत रु.१६३२५१३६।-भुक्तानी भएकोमा संलग्न ठेक्का बिल एवं मूल्य समायोजन सिट अनुसार रु.१६२७०३५९।-भुक्तानी हुनुपर्ने देखिएकोले बिलभन्दा बढीको विजक पेश गरी सोही अनुसार भुक्तानी भएका कारण बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,७७७ |

३७.४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। ठेक्का नं.१०-०७७।७८ १५ शैय्याको प्राथमिक अस्पताल निर्माण कार्यका निर्माण व्यवसायी प्रतिष्ठा/भुसाल/ बस्नेत जे.भी.लाई गो.भौ.नं.५-२०८०।३।७ बाट प्रथम बिल बापतको भुक्तानी दिदा संलग्न नापी किताब अनुसार आइटम नं.८ Providing and laying in position machine batched machine mixed & machine vibrated design mix cement concrete of M25 ३११.२८ घनमिटर कार्य भएकोमा ३६८.५५ घनमिटर कार्यको प्रति घनमिटर रु.१७००० का दरले भुक्तानी दिएको देखियो। नापी किताबमा उल्लेखित कार्यभन्दा ५७.२७ घनमिटर बढी कार्यको मूल्यसमायोजन फ्याक्टर १.१०१ ले हुने बढी भुक्तानी भएको रकम रु.१०७१९२२.५९ मूल्य अभिवृद्धि कर सहित असुल हुनपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,११,२७३ |

३७.५ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं.१०-०७७।७८ १५ शैय्याको प्राथमिक अस्पताल निर्माण कार्यका निर्माण व्यवसायी प्रतिष्ठा/भुसाल/ बस्नेत जे.भी.लाई गो.भौ.नं.५-२०८०।३।७ बाट प्रथम बिल बापतको भुक्तानी दिदा संलग्न नापी किताब अनुसार आइटम नं.१० Providing fabricating erecting centering & shuttering & laying in position 12mm water proof plywood ४६६.६६ वर्गमिटर कार्य भएकोमा ५७८.८६ वर्गमिटर कार्यको प्रति वर्गमिटर रु.३००

का दरले भुक्तानी दिएको देखियो । नापी किताबमा उल्लेखित कार्यभन्दा ११२.२ वर्गमिटर बढी कार्यको मूल्यसमायोजन फ्याक्टर १.१०१ ले हुने बढी भुक्तानी भएको रकम रु.३७०५९.६६ मूल्य अभिवृद्धि कर सहित असुल हुनपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,८७७ |

३८ **प्रदेश समपुरक अनुदान -** लुम्बिनी प्रदेशको प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ अनुसार प्रदेश सरकारले आयोजना/कार्यक्रमको कूल लागतको ५० प्रतिशत रकम समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्थाबमोजिम ५० प्रतिशत रकम प्रदेश सरकार समपुरक अनुदान र बाँकी रकम पालिकाको अन्य श्रोतबाट व्यहोर्नुपर्ने देखिन्छ।ठेक्का नं.४-०७९।८० छत्रदेव जनता आवास हाउजिङ्ग कन्सट्रक्सन कार्यका लागि जोगमाँ विल्डर्ससँग २०७९।११।१२ मा २०८०।३।१५ भित्र कार्य गर्ने गरी रु.७२६४८६८।१२ को सम्झौता भएकोमा रु.७२२६८०९।२२ को कार्य स्वीकार भई रु.७२२६८०७।— भुक्तानी भएको देखियो ।कार्यविधि अनुसार दुबै श्रोतबाट ५०:५० प्रतिशत रकम भुक्तानी हुनुपर्नेमा लुम्बिनी प्रदेश समपुरक अनुदानबाट रु.२५९१२४८।— पालिकाको अन्य श्रोतबाट रु.४६३५५५९।— भुक्तानी गरेको कार्य बजेटको सिद्धान्त एवं कार्यविधि अनुकूल देखिएन। कार्यविधिको व्यवस्थानुसार खर्च लेखाङ्कन हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३९ **रातापोखरा खेलमैदान प्यारापिट निर्माण -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(३) मा अनुसूची १ मा उल्लिखित वस्तु तथा सेवाहरुमा मूल्य अभिवृद्धि कर नलाग्ने एवं उक्त वस्तु तथा सेवाको खरिदमा पहिले लागेको कर ऐनको दफा १७ अनुसार कट्टी गर्न र दफा २४ अनुसार फिर्ता लिन नपाईने व्यवस्था छ ।पालिकाले ठे.नं.३-०७९।८० रातापोखरा खेलमैदान प्यारापिट निर्माण कार्यका लागि निर्माण व्यवसायी जोगमाँ बिल्डर्ससँग २०७९।११।१२ मा २०८०।३।१० भित्र कार्य सम्पन्न गर्ने गरी रु.७०५३६११।३४ को सम्झौता गरेकोमा रु.६९७८९८२।२० को कार्य स्वीकार गरेको देखियो ।पालिकाले गो.भौ.नं.३५-२०८०।२।३१ बाट प्रथम रनिङ्ग बिलबापतको रकम रु.२५६३९४२।— भुक्तानी गर्दा बिल अफ क्वान्टिटीको आइटम नं.२७ मा उल्लिखित भाइब्रेशन रोलर १ थान रु.५५००००।-मा आपूर्ति गर्ने गरी सम्झौता भएकोमा मूल्य अभिवृद्धि कर नलाग्ने आइटममा समेत मूल्य अभिवृद्धि कर थप गरी भुक्तानी गरेको देखियो । ऐनको दफा ५ एवं अनुसूची १ मा उल्लेख भएको कर नलाग्ने आइटममा मूल्य अभिवृद्धि कर भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,५०० |

४० **ठेक्का नं.१०-०७८।७९ मडेलचौर छत्रगञ्ज खानेपानी योजना -** मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाप्त गरेको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं.१०-०७८।७९ मडेलचौर छत्रगञ्ज खानेपानी योजनाका लागि २०७९।१।११ मा २०८०।१।१० भित्र कार्य सम्पन्न गर्ने गरी अर्जुन-नुतन-छपनी जे.भी.(स्थायी लेखा नं.६१८२४६२४९) सँग रु.१८४१२६२५।३८ को सम्झौता भएकोमा रु.१७९७२६२८।८५ को कार्य स्वीकार भएको देखियो । निर्माण व्यवसायीलाई यस वर्ष दोस्रो, तेस्रो र अन्तिम बिल बापत रु.११५०००००।— भुक्तानी भई रु.६७२१४१।— भुक्तानी हुन बाँकी रहेको देखिन्छ ।पालिकाबाट निम्नानुसार मूल्य अभिवृद्धि कर भुक्तानी भएकोमा निर्माण व्यवसायीले लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई २०७९ श्रावणदेखि ननफाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७९,४६५ |

४१ **प्रशासकिय भवन निर्माण -** ठेक्का नं.१९-०७६।७७ पालिकाको प्रशासकिय भवन निर्माण कार्यका लागि शिभाको/भुसाल/प्रतिभा जे.भी. सँग २०७९।२।२५ भित्र कार्य सम्पन्न गर्नेगरी २०७७।६।३० मा रु.५३०४७४१४।५६ को सम्झौता भएकोमा गत वर्ष पाँचौ रनिङ्गबिलसम्म रु.२४१७५०१०।६५को अद्यावधिक कार्य भएको देखियो । निर्माण व्यवसायीले कोभिड १९, वर्षात र निर्माण सामग्री अभाव लगायतका कारण कार्य हुन नसकेको भनी २०७९।२।२ र पुनः २०७९।३।२३ मा म्याद थपको लागि निवेदन पेश गरेकोमा सार्वजनिक खरिद नियमावली,२०६४ को बाहौं संशोधन अनुसार २०७९।४।१ मा २०८०।२।२५ सम्म म्याद थप भएतापनि यस वर्ष कुनैपनि कार्यको भुक्तानी भएको देखिएन।उक्त निर्माण कार्यको कार्यापालिकाको २०८०।५।३ को निर्णय अनुसार सार्वजनिक खरिद नियमावलीको नियम १२०(क) बमोजिम २०८०।३।२१ मा जारि सार्वजनिक खरिद सम्बन्धि बाधा अड्काउ फुकाउ आदेश र कार्यापालिकाको २०८०।५।३ को निर्णय अनुसार २०८०।७।३० सम्मका लागि म्याद थप भएको देखियो । शुरु सम्झौतानुसार कार्य सम्पन्न नगरेको एवं लेखापरीक्षणको समयसम्म कुनै भुक्तानी लिएको नदेखिएकोले म्याद थपको औचित्यता देखिएन । बाँकी थप अवधि भित्र कार्यसम्पन्न गराउन पालिकाले पहल गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२ **बढी भुक्तानी -** आयकर ऐन २०५८ को दफा ८९ मा ठेक्का वा करारबापतको भुक्तानीमा १.५ प्रतिशत कर कट्टा गर्नपर्ने व्यवस्था छ ।पालिकाले ठे.नं.७-०७९।८० चिउरीका रुखबाट तिनपिप्ले हुँदै मथुराबेशी जाने मोटरबाटो स्तरोन्नती कार्यको लागि निर्माण व्यवसायी शुभ सुयोग सप्लायर्स एण्ड कन्सट्रक्सनसँग २०८०।२।५ मा २०८०।३।२० भित्र कार्य सम्पन्न गर्ने गरी रु.२३९६५०२।५१ को सम्झौता गरेको देखियो ।सम्झौतानुसारको कार्य सम्पन्न गरी निर्माण व्यवसायीले रु.२३९२२०७।०६ को बिजक पेश गरेकोमा यस वर्ष रु.८०००००।— भुक्तानी भई रु.१५९२२०७।०६ भुक्तानी बाँकी रहेको देखियो । बिल विजकको भुक्तानी गर्दा नियमानुसार कट्टा गर्नुपर्ने १.५ प्रतिशत अग्रीम करबापतको रकम रु.३१४१३।७५, ५ प्रतिशत धरौटी बापतको रकम रु.१०४७१२।५० र ३० प्रतिशत मूल्य अभिवृद्धि कर बापतको रकम रु.८१७६५।७५ कट्टा नगरी भुक्तानी गरेको देखिएकोले नियमानुसार कट्टा गर्नुपर्ने कर तथा धरौटी रकम दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१७,८९२ |

४३ **ठेक्का नं.६-०७९।८० बरारुख-हेल्थपोष्ट-वडा कार्यालय-कुवरका चौपारी मोटरेवल रोड पिच कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक वाह्र महिना भन्दा वढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्न सक्ने व्यवस्था छ। ठेक्का नं.६-०७९।८० बरारुख-हेल्थपोष्ट-वडा कार्यालय-कुवरका चौपारी मोटरेवल रोड पिच कार्यका लागि खनाल ब्रदर्श/सागर जे.भी.सँग २०८०।१।१० मा २०८२।१।३० भित्र कार्य सम्पन्न गर्ने गरी रु.६९७८२०९५।७२ सम्झौता भएकोमा यस वर्ष रु.१२९१६७८०।०४ को कार्य भएको देखियो । निर्माण व्यवसायीले प्रथम रनिङ्ग बिल एवं मूल्य समायोजनबापत रु.१३७२२०५९।६९ को बिल पेश गरेकोमा गो.भौ.नं.७०-२०८०।३।२४ बाट रु.१३०७००००।— भुक्तानी दिई बाँकी रकम भुक्तानी हुन बाँकी रहेको देखियो ।उक्त बिलको मूल्य समायोजन बापतको रकम रु.८०५२७९।६५ गणना गर्दा मेशिनरी तथा औजारको आधारमूल्य १३०.२६ लिनुपर्नेमा ११३.६९

लिएका कारण मूल्य समायोजन फ्याक्टर फरक परी बढी मूल्य समायोजन गणना भएको देखिएकोले निम्नानुसार बढी गणना भएको रकम मूल्य अभिवृद्धि कर सहित भुक्तानी दिन मिल्ने नदेखिएको रु.

| रनिङ्ग बिल | मूल्य समायोजनयोग्य बिल रकम | प्रयोग भएको मूल्य समायोजन फ्याक्टर | हुनुपर्ने मूल्य समायोजन फ्याक्टर | फरक रकम |
|---|---|---|---|---|
| प्रथम | १०९८८३००.९२ | १.०६५ | १.०२५ | ४३९५३२।०४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९६,६७१ |

४४ **योजना छनौट एवं कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना छनौट गर्दा मध्यम एवं दीर्घकालीन प्रकृतिका दिगो विकासमा योगदान हुने, जनताको जीवनस्तर र रोजगारी वृद्धिमा सहयोग पुग्ने उत्पादनमूलक एवं छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष पूँजीगत बजेटबाट प्रतिक्षालय निर्माण, ट्रस निर्माण, सत्तल निर्माण, घर संरक्षण लगायतका अनुत्पादक योजना छनौट गरी खर्च गरेको उपयुक्त देखिएन। यस्ता योजना छनौट गर्ने कार्यमा नियन्त्रण गरी उपलब्ध सिमित स्रोत साधनको उपयोगबाट दिगो विकासमा योगदान पुग्ने रोजगारीमूलक एवं उन्पादनमूलक योजना प्राथमिकतामा राखी बजेट खर्च गर्नुपर्दछ।

| गो.भौ.नं., मिति | विवरण | भुक्तानी रकम रु. |
|---|---|---|
| १४०-२०८०।१।१४ | बडहर प्रतिक्षालय निर्माण | ४८५०००।- |
| १७१-२०८०।२।७ | काफलगैरा सत्तल निर्माण | १९४०००।- |
| २४१-२०८०।२।२३ | सम्पूर्ण सत्तल निर्माण (बालदिप कार्कीडाडा काउछे सम्मावारी) वडा नं.३ | ८७२९५८।- |
| १६८-२०८०।२।७ | पुरुसुङ्गे लाहुरेटोल बरपाटा गोठ बस्ती संरक्षण | ९७०००।- |
| ८७-२०७९।१२।९ | बेलारुख घर संरक्षण | ९७०००।- |
| २८८-२०८०।३।१८ | काभ्रे हुमकान्त पौडेलको घर वस्ती संरक्षण | ४८५००।- |

सैद्धान्तिक बेरुजु

४५ **कन्टिन्जेन्सी खर्चको अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ। पालिकाले योजना कार्यान्वयन गर्ने क्रममा ४ प्रतिशतका दरले कन्टीन्जेन्सी रकम कट्टी गर्ने गरेको देखियो। कार्यालयले आ.व २०७९।८० मा कन्टीन्जेन्सी बापत रु.१६९२०९६ लाख कट्टी गरेको छ। पालिकाले कट्टी गरेको रकमको योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको छैन। साथै कन्टीन्जेन्सीबाट खर्च हुने कार्यालय सामान, अनुगमन भ्रमण खर्च, मर्मत लगायतका खर्च पालिकाको बजेट तथा कार्यक्रम अन्तर्गत सम्बन्धित शिर्षकमा नै समावेश गरिने भएकोले सोही अनुसार खर्च गर्नुका साथै कन्टीन्जेन्सीबाट खर्च गर्नुपर्ने अवस्थामा आवश्यक निर्णय गराई तोकिएको

खरिद विधि अवलम्बन गरी प्रतिस्पर्धी एवं मितव्ययी तवरले खर्च गर्नुपर्दछ। कन्टीजेन्सी खर्च खाता अभिलेखको अभावमा तोकिएको सिमा भित्र खर्च भए नभएको एकिन नहुने हुँदा योजनागत कन्टीन्जेन्सी खाता अद्यावधिक गरी राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४६ उपभोक्ता मार्फत कार्य

४६.१ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६.२ **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक, खानेपानी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १९१-०८०।२।११ | ताराखसे महिला भवन निर्माण तथा व्यवस्थापन | भवन निर्माण | ४००००० |
| २२६-०८०।२।२९ | राधाकृष्ण मन्दिर निर्माण | मन्दिर निर्माण | ८००००० |
| २३०-०८०।२।३० | कालिका मन्दिर पुन निर्माण | मन्दिर निर्माण | १०००००० |
| २२८-०८०।२।३० | मसाने खोलामा कलभर्ट निर्माण उपभोक्ता समिति | कलभर्ट निर्माण | ४००००० |
| २९३-०८०।३।१८ | वाइगाउँ विद्युत मर्मत | विद्युतीकरण | १४५००० |
| १७९-०८०।२।९ | विद्युत सुधार विस्तार योजना | विद्युतीकरण | १९४००० |

सैद्धान्तिक बेरुजु

४६.३ उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीमार्फत काम गराई पालिकाबाट भुक्तानी लिएकोमा निर्माण व्यवसायीहरुको डोजरको विल राखी भुक्तानी लिने गरेको देखियो। नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यसम्पन्न प्रतिवेदनको आधारमा निम्नानुसार निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिएको देखिएकोले श्रममूलक कार्य नहुने योजना प्रतिस्पर्धी खरिद विधि अबलम्बन गरी न्यून लागतमा सम्पन्न गर्न सकिनेमा उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी गरेको उपयुक्त देखिएन। मेशिनको मात्र प्रयोग हुने कार्यमा प्रतिस्पर्धी खरिद विधि अबलम्बन गरी मितव्ययी तवरले कार्य गराउनुपर्दछ।

| गो.भौ.नं.।मिति | उपभोक्ता समितिको नाम | उ.स.लाई भुक्तानी रु. | निर्माण व्यवसायी | निर्माण व्यवसायीको बिजक रकम |
|---|---|---|---|---|
| २३२-०८०।२।३१ | धरम्पानी कतल्यापाटा मो वा उ स | १४१४३१ | पशुपति कन्ट्रक्सन | १५२६८४ |
| ३७१-०८०।३।२४ | आँपारुख चिच्चौर मो वि उ स | १२३०५३ | कमल निर्माण सेवा | १३२८७८ |
| ३०७-०८०।३।२० | सम्पूर्ण मो वा निर्माण | १००००० | पशुपति कन्ट्रक्सन | १०८३४७ |
| १८८-०८०।२।१० | सम्पूर्ण मो वा निर्माण | ५५०००० | B.G Construction & Suppliers | ६२६३७९ |
| ४-०७९।११।११ | बाँझ पोखरी खरिवोट म्यालनेटा मोटरवाटो स्तरोन्नती | ४८५००० | पशुपति कन्ट्रक्सन | ५३९२१९ |
| २५-०७९।१०।११ | वडा भित्रका मोटरवाटो सोहोर्ने र स्तरोन्नती वडा नं ६ | ११६४००० | नयाँ नेपाल निर्माण सेवा र रेसुङ्गा रोज विल्डर्स प्रा लि | १२९५४९३ |
| २६-०७९।१०।११ | वडा भित्रका मोटरवाटो सोहोर्ने र स्तरोन्नती वडा नं ८ | ९७०००० | ए एस जी निर्माण सेवा कम्पनी | १०७६८३४ |
| ३२-०७९।१०।२२ | वडा भित्रका मोटरवाटो सोहोर्ने र स्तरोन्नती वडा नं ७ | ११६४००० | स्टार विन्दवासिनी कन्स्ट्रक्सन प्रा लि | १२९३१६७ |
| ३१-०७९।१०।२२ | वडा भित्रका मोटरवाटो सोहोर्ने र स्तरोन्नती वडा नं ५ | ७२७५०० | B.G Construction & Suppliers | ८०९४७२ |
| ४५-०७९।११।११ | वडा भित्रका मोटरवाटो सोहोर्ने र स्तरोन्नती वडा नं ४ | ७७६००० | कमल निर्माण सेवा | ७९५९८९ |
| ५५-०७९।११।१५ | वडा भित्रका मोटरवाटो सोहोर्ने र स्तरोन्नती वडा नं ३ | ११६४००० | पशुपति कन्ट्रक्सन | १०३३१७८ |

| | | | | |
|---|---|---|---|---|
| ५०-०७९।११।१५ | वडा भित्रका मोटरवाटो सोहोर्ने र स्तरोन्नती वडा नं १ | ९७०००० | कमल निर्माण सेवा | १०७७४८७ |
| १६३-०८०।२।७ | वडा भित्रका मोटरवाटो सोहोर्ने र स्तरोन्नती वडा नं २ | ५८२००० | B.G Construction & Suppliers | ६४७४४९ |
| १२१-०८०।१।१२ | वडा भित्रका नयाँ सडक निर्माण र स्तरोन्नती वडा नं | ५३३५०० | नयाँ नेपाल निर्माण सेवा, पशुपति कन्ट्रक्सन र ए एस कन्ट्रक्सन | ४५८१३३ |
| | **जम्मा** | | | १००४६७०९ |

सैद्धान्तिक बेरुजु

४६.४ **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११(१०) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। कार्यालयले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन। PCC को M 15 भन्दा बढीको कार्यमा अनिवार्यरुपमा ल्याब टेस्ट गर्नुपर्नेमा सो गरेको छैन। तसर्थ उपभोक्ता समितिमार्फत सम्पन्न निर्माण कार्यको गुणस्तर सम्बन्धमा आश्वस्त हुन सकिने अवस्था छैन। अतः निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी गराई गुणस्तरीय निर्माण कार्य भएको सम्बन्धमा पालिका सुनिश्चित हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४७

## अनुसूचीहरू

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : छत्रदेव गाउँपालिका, अर्घाखाँची ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भेषराज पन्थ | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सानुमायाँ के.सी | २०७६-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,७२६,६५५ | ४,६८९,९९७ | ४,९५०,९०१ | ० | ० | २००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १२,५६७,५५३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १२,५६७,५५३ |

## आर्थिक कारोबारको स्थिति

स्थानीय तह : छात्रदेव गाउँपालिका , अर्घाखाँची

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १०४९४०१८०.५९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९९२२८४७५.८ | **चालु खर्च** | ३२४८८२९७८.६ |
| **प्रदेश सरकारबाट अनुदान** | २९१८६९८८.९४ | **पूँजीगत खर्च** | २२५२४२७०७.८५ |

| | | | |
|---|---|---|---|
| **राजश्व बाँडफाँट** | ७६२६६७२९.२५ | **वित्तीय/अन्य व्यवस्था** | २०६७७३३४४.२६ |
| **आन्तरिक आय** | ५४४६८२४.० | | |
| **अन्य आय** | २१००७५६६०.४ | | |
| **कुल आय** | ७२०२०४६७८.३९ | **कुल खर्च** | ७५६८९९०३०.७१ |
| **बाँकी मौज्दात** | | ६८२४५८२८.२७ | |

**बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| प्राप्ती भुक्तानी हिसाव | | | | | | |
|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | गतवर्ष रु. | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६६,३३,७३,४५८.२३ | ५१,६२,५८,२६५.६० | ५१,६२,५८,२६५.६० | ५४,६०,३५,७९३.०७ | ५४,६०,३५,७९३.०७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६५,४०,५४,८४१.२३ | ५१,०१,२९,०१८.६० | ५१,०१,२९,०१८.६० | ५४,२४,५४,८०२.०७ | ५४,२४,५४,८०२.०७ |
| ११००० कर | ११ | ९,७९,०६,०००.०० | ७,७८,७८,७०९.६५ | ७,७८,७८,७०९.६५ | ११,६८,२४,६५७.४८ | ११,६८,२४,६५७.४८ |
| १३००० अनुदान | | ४६,५२,८१,०२१.०६ | ४२,८४,१५,४६४.९५ | ४२,८४,१५,४६४.९५ | ४२,१५,००,२५८.०३ | ४२,१५,००,२५८.०३ |
| संघीय सरकार | १२ | ४२,९१,४३,०००.०० | ३९,९२,२८,४७६.०१ | ३९,९२,२८,४७६.०१ | ३७,४६,२९,७००.७५ | ३७,४६,२९,७००.७५ |
| प्रदेश सरकार | १२ | ३,६१,३८,०२१.०६ | २,९१,८६,९८८.९४ | २,९१,८६,९८८.९४ | २,३७,४८,९८६.२८ | २,३७,४८,९८६.२८ |
| अन्तरिक श्रोत | | ० | ० | ० | २,३१,२१,५७१.०० | २,३१,२१,५७१.०० |
| १४००० अन्य राजस्व | | ४१,६४,३२३.०० | ३८,३४,८४४.०० | ३८,३४,८४४.०० | ३९,६२,९८८.५६ | ३९,६२,९८८.५६ |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | १,६६,८९८.०० | १,६६,८९८.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२००० वित्तीय सम्पत्ति | | ८,६७,०३,४९७.१७ | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ९३,१८,६१७.०० | ६१,२९,२४७.०० | ६१,२९,२४७.०० | ३५,८०,९९१.०० | ३५,८०,९९१.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० |
| कोषहरु | | ९३,१८,६१७.०० | ० | ० | ० | ० |
| धरौटी | | ० | ६१,२९,२४७.०० | ६१,२९,२४७.०० | ३५,८०,९९१.०० | ३५,८०,९९१.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६६,३३,७३,४५८.२३ | ५५,६२,८१,८७२.७४ | ५५,६२,८१,८७२.७४ | ४७,६४,७८,७३१.२७ | ४७,६४,७८,७३१.२७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६५,४०,५४,८४१.२३ | ५५,०१,२५,६८६.४५ | ५५,०१,२५,६८६.४५ | ४७,०५,८५,३७८.२६ | ४७,०५,८५,३७८.२६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २४,१९,२८,३२३.०० | २२,४८,११,६७०.३३ | २२,४८,११,६७०.३३ | २०,६०,३६,९०२.०६ | २०,६०,३६,९०२.०६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४,१४,२५,८६२.६४ | ९,४९,२७,३९४.२७ | ९,४९,२७,३९४.२७ | ८,३३,४९,२५२.९६ | ८,३३,४९,२५२.९६ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | १४,५८,०८१.०० | १४,५८,०८१.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ४९,४०,०००.०० | ४४,८१,०१४.०० | ४४,८१,०१४.०० | ४९,९९,९९०.०० | ४९,९९,९९०.०० |
| २८००० अन्य खर्च | १८ | १०,०४,०००.०० | ६,६२,९००.०० | ६,६२,९००.०० | ९,६८,३३३.०० | ९,६८,३३३.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २६,४७,५६,६५५.५९ | २२,५२,४२,७०७.८५ | २२,५२,४२,७०७.८५ | १७,३७,७२,८१९.२४ | १७,३७,७२,८१९.२४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | ९३,१८,६१७.०० | ६१,५६,१८६.२९ | ६१,५६,१८६.२९ | ४७,६४,७८,७३१.२७ | ४७,६४,७८,७३१.२७ |
| कोषहरु | | ९३,१८,६१७.०० | ३४,१२,७९५.०० | ३४,१२,७९५.०० | ३७,०५,०९६.०० | ३७,०५,०९६.०० |
| धरौटी | | ० | २७,४६,४६६.२९ | २७,४६,४६६.२९ | २१,८८,२५७.०१ | २१,८८,२५७.०१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -३,०७५.०० | -३,०७५.०० | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (४,००,२३,६०७.१४) | (४,००,२३,६०७.१४) | ६,९५,५७,०६१.८० | ६,९५,५७,०६१.८० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १०,४१,७३,८३५.०३ | १०,४१,७३,८३५.०३ | १०,६७,०५,६१२.४९ | १०,६७,०५,६१२.४९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ६,४१,५०,२२७.८९ | ६,४१,५०,२२७.८९ | १७,६२,६२,६७४.२९ | १७,६२,६२,६७४.२९ |
| बैंक तथा नगद बाकी | २४ | | ६,८२,४५,८२८.१७ | ६,८२,४५,८२८.१७ | १७,७३,४९,२१६.८९ | १७,७३,४९,२१६.८९ |